जगन्नाथ गाउँपालिका
JAGANNATH RURAL MUNICIPALITY
गाउँकार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
जुडी, बाजुरा
JUDI, BAJURA
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं./Letter No.: ०८३/०८४
च.नं./Ref. No.:

मिति:२०८३।०४।२९
ने.स.११४६ गुंलाथ्व द्वितीया

रेरास परियोजनाबाट ५०% लागत साझेदारी (Matching Grant) मा कृषि विद्युतीय उपकरणको
माग संकलन सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८३।०४।२९)

यस जगन्ना गाउँपालिकाको समन्वयमा **कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा (RERAS)** परियोजना अन्तर्गत स्थानीय कृषक, कृषक समूह, कृषि सहकारी तथा समुदायमा आधारित संस्थाहरूको कृषि उपज प्रशोधन तथा मूल्य अभिवृद्धिमा सहयोग पुन्याउने उद्देश्यले ५०% लागत साझेदारी (Matching Grant) मा कृषि विद्युतीय उपकरण सहयोग गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक /कृषक समूह/सहकारी/संस्था माग आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको प्रकाशन भएको १० दिनभित्र जगन्नाथ गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। यस सम्बन्धमा थप जानकारीका लागि सम्पर्क नं. ९८६८५७७०८२ मा सम्पर्क गर्नुहोला।

**उपलब्ध गराइने कृषि विद्युतीय उपकरणहरू**

| क्र.सं. | उपकरणको नाम | उपलब्ध उपकरणको संख्या | मुख्य प्राविधिक विवरण | क्षमता | प्रयोग |
|---|---|---|---|---|---|
| १ | विद्युतीय मल्टी क्रप थ्रेसर | ४ वटा | पावर: २.५–३ HP<br>सिंगल फेज विद्युत<br>तौल: ६५–७५ के.जी.<br>आकार: १५००×१०२०×११७० मि.मि.<br>फलामको बडी | ५००–६०० के.जी./घण्टा | धान, गहुँ तथा कोदो चुट्नको लागि |
| २ | विद्युतीय कुटानी मिल | ४ वटा | पावर: २.५–३ HP<br>सिंगल फेज विद्युत<br>तौल: ४६ के.जी.<br>आकार: ६४०×४००×११६५ मि.मि.<br>डिस्क टाइप मिल | १२०–१५० के.जी./घण्टा | कुटानीको लागि |
| ३ | विद्युतीय पिसानी मिल | २ वटा | मोटर: ५ HP<br>सिंगल फेज विद्युत<br>मोटर तौल: ५५–६५ के.जी.<br>ग्राइन्डर व्यास: १८ इन्च<br>फलामको बडी | ५० के.जी./घण्टा | अन्न, गेडागुडी तथा मसला पिस्न |

नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner

प.सं./Letter No.: ०८३/०८४
च.नं./Ref. No.:

## लागत साझेदारीको व्यवस्था

उपकरण खरिद तथा जडानका लागि लाग्ने कुल स्वीकृत लागतमा:

१. RERAS परियोजनाको योगदान: ५०%

२. लाभग्राही कृषक/समूह/सहकारी/संस्थाको योगदान: ५०%

लाभग्राहीले आफ्नो लागत साझेदारीबापतको ५०% रकम नगद/स्वीकृत प्रक्रियाअनुसार उपलब्ध गराउन सक्ने प्रतिबद्धता पेश गर्नुपर्नेछ।

## आवेदन दिन सक्ने लाभग्राहीहरु

१. कृषक समूह
२. कृषि सहकारी संस्था
३. सामुदायिक संस्था
४. कृषि उद्यमी/कृषि व्यवसायी
५. स्थानीय समुदायमा आधारित संस्था

## प्राथमिकताका आधारहरू

१. कृषि उपजको उत्पादन तथा प्रशोधनको पर्याप्त सम्भावना भएको क्षेत्र।
२. उपकरणबाट धेरै कृषक/घरधुरी लाभान्वित हुने अवस्था।
३. महिला तथा सीमान्तकृत/विपन्न कृषकको सहभागिता र लाभ सुनिश्चित हुने अवस्था।
४. उपकरण सञ्चालनका लागि आवश्यक सिंगल फेज विद्युत सुविधा उपलब्ध भएको र Transformer बाट ५०० मिटर भित्रको क्षेत्रमा अवस्थित हुन पर्ने ।
५. उपकरण सञ्चालन, व्यवस्थापन तथा नियमित मर्मतसम्भार गर्न सक्ने क्षमता भएको।
६. उपकरणलाई सामुदायिक सेवामूलक व्यवसायिक मोडेलमा सञ्चालन गर्ने स्पष्ट योजना भएको।
७. लाभग्राहीले ५०% लागत साझेदारी सुनिश्चित गर्न सक्ने अवस्था भएको।
८. विगतमा समान प्रकृतिको अनुदान/उपकरण सहयोग नलिएको वा दोहोरो सहयोग नहुने सुनिश्चितता भएको।

## आवेदनसंग पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन
२. संस्था/दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. PAN/VAT प्रमाणपत्र र करचुक्ता (२०८२/८३)

नि.प्रमुख प्रशासकीय अधिकृत

प.स./*Letter No.*: ०८३/०८४
च.न./*Ref. No.*:

४. समूह/संस्थाको निर्णयको प्रतिलिपि

५. माग गरिएको उपकरणको नाम

६. स्थानीय जल लघु विद्युत आयोजना कार्यालयबाट माग क्षमता अनुरुप मेसिनरी उपकरणहरु पूर्ण रुपमा संचालन हुने प्राविधिक सिफारिस पत्र

७. उपकरण प्रयोग गरिने कृषि उपज तथा अनुमानित वार्षिक परिमाण

८. प्रत्यक्ष लाभान्वित हुने कृषक/घरधुरी संख्या

९. उपलब्ध विद्युत सुविधाको विवरण

१०. उपकरण सञ्चालन तथा व्यवस्थापनको योजना

११. ५०% लागत साझेदारी गर्न सक्ने प्रतिबद्धता

१२. उपकरण संचालनको लागि आवश्यक पर्ने थप विधुतीय सामग्रीहरु जडान तथा बेहोर्ने प्रतिबद्‌ता

१३. उपकरण सञ्चालनका लागि जिम्मेवार व्यक्ति/समितिको विवरण

..........................................
नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत